# अपाङ्गता भएका व्यक्तिहरुमा अदालत परिसरमा उनीहरुको अधिकारका बारेमा सचेतना अभिवृद्धि

श्रवण र दृष्टि अपाङ्गता भएका व्यक्तिहरूलाई न्यायिक प्रक्रिया अनुसार उनीहरुलाई प्राप्त अधिकारका बारेमा सिमित ज्ञान छ।

## सिफारिशहरूको सारांश

१. तत्काल गर्नुपर्ने: न्यायिक प्रक्रिया अनुसार अपाङ्गता भएका व्यक्तिहरुलाई उपलब्ध अधिकारहरुको संकलन, संहिताकरण गरियोस।

२. अल्पकालिन रुपमा गर्नुपर्ने: न्यायिक प्रक्रियाअर्न्तगत अपाङ्गता भएका व्यक्तिहरुलाई प्राप्त अधिकारसम्बन्धी जानकारीहरु मुख्य प्रसारण माध्यमहरु (टिभी, रेडियो), सामाजिक सञ्जाल (फेसबुक, व्हाट्सएप, भाईबर) र विशेष गरी अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व गर्ने संघ संस्थाहरुका माझ लक्षित अभियानहरु मार्फत प्रवाह गरियोस।

## अनुसन्धान

- LIRNEasia ले नेपालमा १५ देखि ६५ वर्ष उमेर समुहका अपाङ्गता भएका व्यक्तिहरुका बिचमा सूचना तथा सञ्चार प्रविधिको पहुँच तथा प्रयोगका बारेमा बुझ्नका लागि सम्पूर्ण देशकै प्रतिनिधित्व हुने गरी सर्वेक्षण सञ्चालन गरेको थियो। सन् २०१८ को अगष्ट देखि अक्टुबरको बिचमा सात वटै प्रदेशलाई समेट्ने गरी १०० वटा भिन्न भिन्न वडाहरुका ४०० वटा घरहरुका अपाङ्गता भएका व्यक्तिहरुसँग अर्न्तवार्ता गरिएको थियो। अर्न्तवार्ताको प्रश्नावली अपाङ्गताका प्रश्नसम्बन्धी वाशिंगटन समुहमा आधारित थियो। सर्वेक्षणको परिणामले ९५ प्रतिशत आत्मविश्वास अन्तर र घनात्मक/ऋृणात्मक ±९.८ त्रुटिको सम्भावना सहित राष्ट्रिय प्रतिनिधित्व गर्दछ।
- LIRNEasia ले प्रदेश १, २, ३ र ५ का शहरी र ग्रामीण क्षेत्रमा गुणात्मक अनुसन्धान सञ्चालन गऱ्यो। यो अनुसन्धान नेपालमा अपाङ्गता भएका व्यक्तिहरुलाई सूचना तथा सञ्चार प्रविधिले कसरी स्वतन्त्र जीवन सुनिश्चित गर्न मद्दत गर्न सक्छ भन्ने बुझ्नका लागि तयार गरिएको थियो। १७४ जना अपाङ्गता भएका व्यक्ति र ९ जना मुख्य सूचनादाताहरुसँगको अर्न्तवार्तामा उठेका मुख्य विषयवस्तुहरुको पहिचानका लागि ग्राउन्डेड सिद्धान्त (Grounded Theory) अवलम्बन गरिएको थियो।

## मुख्य निश्कर्षहरु

- १५-६५ उमेर समुहका १.६ प्रतिशत जनसंख्या अपाङ्गता भएका व्यक्तिहरु रहेका छन्।

**"हामी अन्य भाइबहिनीहरूसँग एकाघरमा बसिरहेकाले पुर्ख्यौली सम्पत्ति अंशबण्डाका समयमा समस्या हुन्छ। सांकेतिक भाषा जान्ने मान्छेको व्यवस्था नगरिएको हुँदा हामीलाई घाटा हुन सक्छ "(श्रवण अपाङ्गता, महिला, बिराटनगर**

थप जानकारीकोलागि सम्पर्क *http://bit.ly/NPtech4PWD*

थप जानकारीकोलागि सम्पर्क

बाब राम अर्याल अध्यक्ष सेन्टर फर ल एण्ड टेक्नोलोजी
baburam@cltnepal.com | ९७७ ९८५१०४८४०१

प्रा.डा. रोहन समराजिवा अध्यक्ष लर्न एसिया
rohan@lirneasia.net | ९४ ७७७३५२३६१

Internet Society Nepal | CLT Centre for Law & Technology Pvt. Ltd. | FORDFOUNDATION Working with Visionaries on the Frontlines of Social Change Worldwide | LIRNEasia Pro-poor. Pro-market.